# कनेक्ट फर हेल्थ

कनेक्ट फर हेल्थ (CONNECT4HEALTH) चार वर्षे होराइजन युरोप (Horizon Europe) परियोजना हो। यस परियोजनाले नेपाल, इन्डोनेसिया, युगान्डा र इथियोपियामा डिजिटल स्वास्थ्य उपकरणहरू (Digital Health Tools) तथा सामुदायिक स्वास्थ्य कार्यकर्ताहरू (Community Health Workers) को परिचालनमार्फत नसर्ने रोगहरू (Non-Communicable Diseases - NCDs) तथा नसर्ने रोगहरू सँगसँगै हुने डिप्रेसन (Comorbid Depression) सम्बन्धी स्वास्थ्य सेवाको सुदृढीकरणमा काम गर्दछ।

## संक्षिप्त परिचय

कम तथा मध्यम आय भएका देशहरूमा उच्च रक्तचाप र मधुमेह जस्ता नसर्ने रोगहरू (Non-Communicable Diseases - NCDs) तीव्र रूपमा बढिरहेका छन्, र यी रोगहरू प्रायः डिप्रेसनसँगै देखिने गर्छन्। यस्ता समस्याहरूलाई सम्बोधन गर्न कनेक्ट फर हेल्थ जस्ता परियोजनाहरूले डिजिटल स्वास्थ्य उपकरण / औजार र सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूको माध्यमबाट समुदाय र क्लिनिक बीचको दूरी घटाउने र एकीकृत सेवा प्रदान गर्ने लक्ष्य राखेका छन्।

कनेक्ट फर हेल्थले सम्बन्धित देशहरूमा हाल सञ्चालनमा रहेका राष्ट्रिय डिजिटल स्वास्थ्य प्लेटफर्महरूसँग आपसमा जोडिन र सूचनाको आदानप्रदान गर्न सक्ने (interoperable) डिजिटल स्वास्थ्य उपकरणहरूलाई सामुदायिक स्वास्थ्य कार्यकर्ताको नेतृत्वमा हुने सेवा प्रवाहसँग एकीकृत गर्दै 'एकीकृत हेरचाह प्याकेज' (Integrated Care Package) को सह-डिजाइन तथा परीक्षण गर्दछ। यस पहलले नसर्ने रोगहरूको विद्यमान स्वास्थ्य सेवा प्रवाह तथा व्यवस्थापन प्रणालीभित्रै डिप्रेसनको पहिचान, हेरचाह तथा उपचार सेवालाई समेत समावेश गर्दछ।

चार देशहरूमा कार्यान्वयन भइरहेको यस परियोजनाले एकीकृत तथा डिजिटल प्रविधिमा आधारित स्वास्थ्य सेवा प्रणालीलाई कसरी प्रभावकारी रूपमा अपनाउन, दीगो रूपमा सञ्चालन गर्न तथा व्यापक रूपमा विस्तार गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्दछ। यसबाट प्राप्त अनुभव, प्रमाण र सिकाइहरू अन्य स्वास्थ्य प्रणालीहरूको सुदृढीकरण तथा राष्ट्रिय स्वास्थ्य नीतिको विकास र कार्यान्वयनका लागि समेत उपयोगी हुने अपेक्षा गरिएको छ। यस परियोजनाको समन्वय (coordination) म्यानचेस्टर विश्वविद्यालय (The University of Manchester) ले गरिरहेको छ।

# पृष्ठभूमि

कनेक्ट फर हेल्थ कार्यक्रमले विश्वव्यापी रूपमा रहेको एउटा महत्वपूर्ण चुनौतीलाई सम्बोधन गर्दछ। यस कार्यक्रमको उदेश्य  सीमित स्रोतसाधन भएका र छरिएर रहेका स्वास्थ्य प्रणालीहरूमा नसर्ने रोग र डिप्रेसनका बिरामीहरूका लागि निरन्तर र एकीकृत स्वास्थ्य सेवा प्रदान गर्ने उपायहरूको अध्ययन गरि प्रणाली  सुधार गर्नु  रहेको छ  ।

निम्न तथा मध्यम आय भएका देशहरूमा नसर्ने रोगहरू (Non-Communicable Diseases – NCDs), विशेषगरी उच्च रक्तचाप (Hypertension) र टाइप २ मधुमेह (Type 2 Diabetes), तीव्र रूपमा बढिरहेका छन् र यी रोगहरू प्रायः डिप्रेसनसँगै पनि देखिने गर्छन्। तर, यी स्वास्थ्य समस्याहरूको हेरचाह तथा उपचारसम्बन्धी सेवाहरू प्रायः खण्डित रूपमा प्रवाह भइरहेका छन्। उदाहरणका लागि, कुनै व्यक्तिको एक स्थानमा स्वास्थ्य परीक्षण (screening) गरिए पनि थप सेवा वा उपचारका लागि अन्यत्र रिफर गर्नुपर्ने हुन सक्छ; नियमित अनुगमन (follow-up) मा निरन्तरता नहुन सक्छ; तथा समुदाय र स्वास्थ्य संस्थाबीच आवश्यक स्वास्थ्य  सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रभावकारी आदानप्रदान हुन सक्दैन। यसको परिणामस्वरूप स्वास्थ्य सेवाको निरन्तरता कमजोर हुनुका साथै स्वास्थ्य  सम्बन्धी परिणामहरू समेत प्रतिकूल हुने गर्छन्। यसको प्रभाव विशेषगरी स्वास्थ्य सेवामा पहुँचबाट वञ्चित तथा पर्याप्त सेवा नपुगेका समुदायहरूमा अझ बढी देखिन्छ।

कनेक्ट फर हेल्थ (CONNECT4HEALTH) ले यस समस्यालाई सम्बोधन गर्न **एकीकृत हेरचाह प्याकेज (Integrated Care Package – ICP)** लाई सम्बन्धित देश तथा स्थानीय सन्दर्भअनुसार सह–अनुकूलन (co-adaptation) गरी कार्यान्वयन गर्दछ। यस प्याकेजले प्रमाणमा आधारित दुई प्रमुख तत्वलाई एकीकृत गर्दछ।

**पहिलो, अन्तरआबद्ध (interoperable) डिजिटल स्वास्थ्य प्रणाली**, जसमा विश्व स्वास्थ्य संगठन (WHO) द्वारा सिफारिस गरिएका डिजिटल स्वास्थ्य हस्तक्षेपहरू समावेश छन्। यी डिजिटल स्वास्थ्य प्रणालीहरू नयाँ छुट्टै वा समानान्तर संरचना निर्माण गर्नुको सट्टा प्रत्येक देशमा पहिले नै सञ्चालनमा रहेका राष्ट्रिय डिजिटल स्वास्थ्य प्लेटफर्महरूमा आधारित हुन्छन्।

**दोस्रो, सामुदायिक स्वास्थ्यकर्मीको नेतृत्वमा हुने सेवा प्रवाह**, जसअन्तर्गत स्वास्थ्य परीक्षण (screening), आवश्यक सेवाका लागि रिफरल (referral), नियमित अनुगमन (follow-up) तथा स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्ने कार्यहरू गरिन्छन्। यससँगै, डिप्रेसनको व्यवस्थापनलाई नसर्ने रोग (NCD) सम्बन्धी विद्यमान स्वास्थ्य सेवा प्रवाहमा एकीकृत गरिएको छ।

**EPIS कार्यान्वयन विज्ञान (Implementation Science) ढाँचाबाट निर्देशित** यस परियोजनाले इथियोपिया, इन्डोनेसिया, नेपाल र युगान्डामा स्वास्थ्य प्रणालीको तयारी अवस्था (readiness) मूल्याङ्कन गर्ने, कार्यप्रवाह (workflows) तथा तालिमलाई स्थानीय सन्दर्भ र आवश्यकताअनुसार अनुकूलन गर्ने, कार्यक्रमको अपनत्व (adoption), समानता (equity) तथा लागतको मूल्याङ्कन गर्ने र राष्ट्रिय सरकारहरूसँगको सहकार्यमा दिगोपन (sustainability) तथा विस्तार (scale-up) का मार्गचित्र (roadmaps) सह–निर्माण गर्ने कार्य गर्दछ।

यस परियोजनाले सम्बन्धित देशका **राष्ट्रिय डिजिटल स्वास्थ्य रणनीतिहरू** तथा संयुक्त राष्ट्रसंघको **दिगो विकास लक्ष्य ३.४ (SDG 3.4)** सँग सामञ्जस्य कायम गर्दछ। परियोजना युरोप, उत्तर अमेरिका, एसिया र अफ्रिकाका **११ साझेदार संस्थाहरू** सम्मिलित अन्तर्राष्ट्रिय साझेदारी समूह (consortium) मार्फत कार्यान्वयन भइरहेको छ।